२०७३।४।२४

श्री तानसेन नगरपालिका कार्यालय

तानसेन पाल्पा ।

**विषय: वार्षिक प्रगति समिक्षा प्रतिवेदन पेश गरेको वारे ।**

प्रस्तुत विषयमा तानसेन नगरपालिकाले गत आ.व. ०७२।०७३ आषाढ मशान्त सम्ममा सम्पादन गरेका योजना तथा कार्यक्रमहरुको विषयमा राजनितिक दल, वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्रका पदाधिकारीहरु, टोल विकास संस्था, स्थानीय क्लव, पत्रकार, दलित, पिछडा वर्ग, आदिवासी जनजाती, महिला नागरिक समाज र नगरका अन्य नागरिकहरु समेतको उपस्थितिमा मिति २०७३।४।१४ गतेका दिन ता.न.पा मिनि हलमा वार्षिक प्रगति समिक्षा गोष्ठि सम्पन्न गरेकोले सो अनूसार उल्लेखित विवरण अनूसारको प्रतिवेदन पेश गरिएको छ ।

| | |
|---|---|
| समिक्षा वैठक मिति | २०७३ श्रावण १४ गते |
| स्थान | ता.न.पा मिनिहल |
| सहभागी संख्या १२८ | |
| महिला : ५८ | पुरुष: ७० |
| दलित : १० | जनजाती: ४१ |
| मूस्लिम: २ | अन्य :७५ |
| संस्थागत प्रतिनिधित्व | टोल विकास संस्था, सरकारी निकाय<br>वडा नागरिक मन्च, सचेतना केन्द्र<br>क्लव, लक्षित वर्ग<br>राजनैतिक दल, नागरिक समाज<br>स्वास्थ्य स्वयंसेविका, आमा समुह<br>संचारकर्मी, उपभोक्ता समिति |
| सहजिकरण गर्ने व्यक्ति वा संस्था | तानसेन नगरपालिका कार्यालय |
| कार्यक्रमको अध्यक्षता गर्ने | कार्यकारी अधिकृत (अनिल पौडेल) |
| प्राप्त गुनासो संख्या | ४५ |

मुख्य गूनासाहरु:

## २०७३।०४।१४ गतेको वार्षिक समिक्षा गोष्ठिवाट आएका गुनासा सुझावहरु :

१. खुल्ला ढलको लागि नगरपालिकाको सोच के छ ।
२. जगेडा कोषको लागत सहभागिता बढी भयो ।
३। पर्यटन प्रवर्धन नारा मात्र भएको, काम केही नभएको ।
४. वसपार्क मिसन वाटो असजीलो भएको गुनासो ।
५ प्रभास ताल दुर्गन्ध भएको छ, समाधानको उपाय के हो , यस कार्यक्रममा लु.मे.कलाई वोलाउनु पर्ने ।
६. वडा नं. ६ मा ह्युम पाईप र सडक वत्ति नभएको गुनासो ।
७. तानसेन लाई पर्यटकिय नगरि वनाउने विषयमा पर्याप्त काम नभएको ।
८. खुला दिसामुक्त वनाउने विषयमा स्पष्ट धारणा ।
९. खानेपानीका मुहानहरु सुरक्षीत गर्ने काम नभएको ।
१०. पेश्की वेरुजु असुल उपर गर्ने सम्वन्धमा ।
११. सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।
१२. चालुगत खर्चको जानकारी नभएको ।
१३. योजना ल्याउदा १ वडा १ कार्यक्रम ल्याउनु पर्ने ।
१४. सचेतना केन्द्र गठन भए पछि फोहर व्यवस्थापन राम्रो भएको तर ट्याक्टर आएको छैन ।
१५. टक्सारलाई नेवारी संस्कृतीको जगेर्ना गर्नु पर्ने ।
१६. वाटो निर्माण भएपछि त्यसको सार्वजनिकीकरण गर्नुपर्ने ।
१७. सडक वक्तिको व्यवस्था हुनु पर्ने ।
१८. महिला लक्षित रकम वाकि रहेकोमा गुनासो रहेको ।
१९. ता.न.पा र वडा नागरिक मञ्च विचको समन्वय अझ राम्रो वनाउनु पर्ने ।
२०. नगरपालिकाको ल्याण्डफिल साईट प्रयोग भएको छैन यसको व्यवस्था कहिलेसम्म हुन्छ ।
२१. पुराना धार्मिक सांस्कृतिक धरोहरहरुलाई संरक्षण गर्नुपर्ने ।
२२. पुराना ढुङ्गेधाराको संरक्षण गर्नुपर्ने ।
२३. पानीका मुहान संरक्षण सम्वन्धमा ।
२४. भगवती मन्दिरको ढुङ्गाको छानाको ठाउमा Metal Roof राख्नु पर्ने ।
२५. मापदण्ड विपरितका संरचना वारे छानविन गर्नु पर्ने ।
२६. सडक अतिक्रमण रोक्नुपर्ने ।
२७. नक्सापास नभएका भवनहरुवारे के गर्ने भन्ने वारे ।
२८. वाटो वरपर बृक्षारोपण गर्नुपर्ने ।
२९. खोला संरक्षण गर्नु पर्ने ।
३०. सेफ्टी टेङ्की निर्माण गर्नुपर्ने ।
३१. सवै सरोकारवाला महत्वपुर्ण व्यक्तित्वहरुलाई समावेश गर्नुपर्ने ।
३२. श्रीनगर डाँडा, अमरनारायण मन्दिर, भ्यु टावरको काम वारे ।
३३. नगर विकास सम्वन्धमा पानीका स्रोत खोज्नु पर्ने ।
३४. ल्याण्डफिल साईटको व्यवस्थापन सहित संचालनमा ल्याउनु पर्ने ।
३५. सेवाग्राही सँग सेवकको भुमिकामा काम गर्नुपर्ने ।
३६. विभिन्न आयोजनाको रकम स्थानान्तरण भएको ।

३७. विद्युत पोलहरु जिर्ण भएका छन रुखलाई छोएकाछन् व्यवस्था गर्नुपर्यो ।
३८. गाउँ नगर साझेदारी अन्तर्गतको ऋण लगानी विवरण नाम सहित सार्वजनिक गर्नुपर्ने र असुल उपरका लागी पर्याप्त पहल गर्नुपर्ने ।
३९. लक्षित कार्यक्रमहरु तथा अन्य कार्यक्रमहरु पनि नियमित अनुगमन हुनुपर्यो ।
४०. अनुगमन समितिको मुल्याङ्कन पछि मात्र रकम भुक्तानीको व्यवस्था गर्नुपर्ने ।
४१. भुकम्पको वेला सुरक्षीत हुनका लागी खुला स्थानको व्यवस्था गर्नुपर्ने ।
४२. पुराना घरका संरक्षण गर्नुपर्ने ।
४३. सार्वजनिक जग्गामा वनाईएका घर हरुको नक्सापास तथा नियमविपरित भएका लाई कारवाही गर्नुपर्ने ।
४४. वडाभेलावाट उठेका योजनाहरुलाई कटाउन नहुने ।
४५. सार्वजनिक शौचालयको व्यवस्थापन गर्नुपर्ने ।

उल्लेखित सुझावहरुलाई तानसेन नगरपालिकावाट प्राथमिकरणका आधारमा कार्य गर्दै जाने र सम्पन्न गर्नुपर्ने देखिन्छ ।

अन्तमा तानसेन नगरपालिकाको वार्षिक कार्यक्रम अनूसार वार्षिक समिक्षा गोष्ठीमा नगरका सवै सरोकारहरुवाट प्रयाप्त सहयोग प्राप्त भएकोले उपस्थिति हूनूभएका र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हामीहरुलाई सहयोग गर्नूहूने सम्पूर्ण सरोकारित व्यक्ति तथा संस्थाहरुमा नगरपालिकाको पार्दशिता, जवाफादेहिता यवं उत्तरदायित्व यवं जिम्मेवारी र कर्तव्यवोध गराउन सहयोग पूरयाउनू भएकोले आगामी दिनमा पनि दिगो विकास र यस्ता कार्यमा हातमा हात मिलाउदै अगाडी वढ्न सहयोगको अपेक्षा सहित सवैप्रति धन्यवाद दिन चाहान्छौ ।

.............................

भरत प्रसाद आचार्य

शाखा अधिकृत

सामाजिक विकास शाखा

तानसेन नगरपालिका कार्यालय,

पाल्पा